सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
CDS and Clearing Limited
(An Undertaking of Government of Nepal)

# Global Money Week 2025, 17 to 23 March

## प्रेस विज्ञप्ति

**"Think before you follow, wise money tomorrow"** भन्ने नाराका साथ "Global Money Week 2025" (GMW25) चैत ४ देखि १० गतेसम्म सफलता साथ सम्पन्न भयो । सन् २०१२ देखि निरन्तर रुपमा हरेक वर्ष मार्च महिनामा विश्वभर साताव्यापी रूपमा मनाइने GMW को यो तेह्रौं संस्करण हो । सिडिएस एण्ड क्लियरिङ्ग लि. (CDSC) ले GMW25 का अवसरमा आयोजना तपशिल बमोजिमका कार्यक्रमहरु संचालन गरेको थियो ।

- सर्बसाधारणलाई CDSC ले संचालन गर्ने सेवा र समग्र बजारका विषयमा प्रबुद्ध बनाउनका लागि वित्तीय साक्षरता सम्बन्धी सामग्रीहरू नियमित रूपमा Website मार्फत प्रकाशित गरी अद्यावधिक गरिएको छ ।
- २०८१ चैत्र ४ गते अभियानको पहिलो दिन श्री नेपाल धितोपत्र बोर्डको आयोजना तथा Stock Broker Association of Nepal (SBAN) को संयोजकत्वमा भद्रकाली, काठमाडौंमा CDSC, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि. लगायत अन्य वित्तीय क्षेत्रका सरोकारवाला संघसंस्थाहरुको सहभागीतामा विहान ६:३० बजेदेखि ८:३० बजेसम्म वित्तीय साक्षरता सम्बन्धी **प्रभात फेरी** कार्यक्रम सुसम्पन्न भएको थियो ।
- २०८१ चैत्र ४ गते GMW25 ले यस वर्ष युवा वर्गमा लक्षित गरेअनुसार नै CDSC ले पनि युवा वर्गलाई लक्षित गरी विभिन्न कार्यक्रमको आयोजना गरी गतेका दिन कोटेश्वर, काठमाडौं स्थित Triton International College का स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुलाई CDSC को अवलोकन भ्रमण गराई वित्तीय साक्षरता तथा CDSC ले प्रदान गर्ने सेवा सम्बन्धी आवश्यक जानकारी प्रदान गरियो ।
- २०८१ चैत्र ५ गते GMW25 को दोस्रो दिन डिल्लिबजार, काठमाडौं स्थित Trinity International College का स्नातक तहमा अध्ययनरत विद्यार्थीलाई CDSC मा भ्रमण गराई वित्तीय साक्षरताका साथ CDSC सम्बन्धी आवश्यक जानकारी प्रदान गरियो ।
- २०८१ चैत्र ७ गते वित्तीय साक्षरता कार्यक्रमलाई उपत्यकामा मात्र सीमित नगरी उपत्यका भन्दा बाहिरका प्रदेशलाई समेत मध्यनजर गर्दै सुदर पश्चिमाञ्चल प्रदेश स्थित कैलाली जिल्लाको सुखडमा रहेको **घोडाघोडी बहुमुखी क्याम्पस**मा CDSC को आयेजना तथा दिपशिखा धितोपत्र कारोबार क. प्रा. लि. को व्यवस्थापनमा

धितोपत्र बजार सम्बन्धी शिक्षा तथा सचेतना कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा ११ कक्षा र स्नातक तहका १६० भन्दा बढी विद्यार्थीहरुको सक्रिय सहभागिता रहेको थियो ।

- २०८१ चैत्र ८ सुदर पश्चिमाञ्चल प्रदेशको कञ्चनपुर स्थित **जनज्योति बहुमुखी क्याम्पस**मा श्री नेपाल धितोपत्र बोर्डले आयोजना गरेको लगानी सम्बन्धी सचेतना कार्यत्रममा यस लि. लाई निमन्त्रणा गरेबमोजिम CDSC को तर्फबाट सहभागिता जनाई कार्यपत्र प्रस्तुत गरी आवश्यक जानकारी प्रदान गरिएको । उक्त कार्यक्रममा व्यवस्थापन संकाय अन्तर्गत स्नतक ११ कक्षा तथा स्नातक प्रथम सेमेस्टरका ८० जना भन्दा बढी विद्यार्थीहरुको सक्रिय सहभागिता रहेको थियो ।
- २०८१ चैत्र ८ कोशी प्रदेश स्थित झापा जिल्लाको बिर्तामोडमा रहेको **गोमेन्द्र बहुमुखी क्याम्पस**मा श्री नेपाल धितोपत्र बोर्ड र CDSC को आयोजना तथा सुमेरु सेक्यूरिटिज प्रा. लि. को सह-आयोजनामा धितोपत्र बजार सम्बन्धीमा लगानी सचेतना कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा व्यवस्थापन संकाय अन्तर्गत स्नतक तह प्रथम सेमेस्टरका ९० भन्दा बढी विद्यार्थीहरुको सक्रिय सहभागिता रहेको थियो ।
- २०८१ चैत्र १० सुदर पश्चिमाञ्चल प्रदेशको धनगढी स्थित **सुदुर पश्चिम एकेडेमी**मा श्री नेपाल धितोपत्र बोर्डले आयोजना गरेको लगानी सम्बन्धी सचेतना कार्यत्रममा यस लि. लाई निमन्त्रणा गरेबमोजिम CDSC को तर्फबाट सहभागिता जनाई कार्यपत्र प्रस्तुत गरी आवश्यक जानकारी प्रदान गरिएको । कार्यक्रममा व्यवस्थापन संकाय अन्तर्गत स्नातक तहका १४० भन्दा बढी वद्यार्थीको सक्रिय सहभागिता रहेको थियो ।
- अन्त्यमा, युवा वर्गहरु हरेक दिन रोजगारिको अवसरको खोजिमा तथा उच्च शिक्षा हासिल गर्न बढ्दो संख्यामा दैनिक विदेश जाने क्रमलाई रोक्नु पर्ने देशको विद्यमान अवस्थालाई धितोपत्र लगानी सम्बन्धी शिक्षा तथा सचेतना कार्यक्रम आयोजना गरी थप जानकारीहरु प्रदान गर्दा यस क्रमलाई न्यूनिकरण गर्न सकिन्छ भन्ने कुरा प्रति हामी आशावादी छौं । त्यसैले, धितोपत्र लगानी सम्बन्धी शिक्षा तथा सचेतना कार्यक्रम संचालनमा श्री नेपाल धितोपत्र बोर्डले अग्रणी भूमिका निर्वाह गरी सम्पूर्ण संघसंस्थालाई यस कार्यक्रममा सहभागिता गराई GMW25 सफल पार्न गरेको प्रयास तथा पहल प्रति श्री नेपाल धितोपत्र बोर्ड लगायत सक्रिय रुपमा सहभागिता जनाउने सम्पूर्ण संघसंस्था र उक्त कार्यमा संलग्न यस लि. का कर्मचारीहरु प्रति हार्दिक धन्यबाद व्यक्त गर्दछौं ।